
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २८१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक २३ गते बुधबार ❑ 9 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## गण्डकीका उर्जा मन्त्री आचार्य बर्खास्त

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ कार्तिक**

गण्डकी प्रदेश सरकारका उर्जा, जलश्रोत तथा खानेपानी मन्त्री हरिशरण आचार्य बर्खास्त भएका छन् ।

मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले मन्त्री आचार्यलाई मंगलबार पदबाट बर्खास्त गरेका हुन् । उक्त पदबाट बर्खास्त गरैसंगै मुख्यमन्त्री पोखरेलले उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय आफ्नै मन्त्रालयमा लगेका हुन् । मन्त्री आचार्यले गठबन्धनलाई असहयोग गरी एमालेलाई सहयोग गरेको आधारमा बर्खास्त गरिएको हुन सक्ने श्रोतको भनाई छ ।

मुख्यमन्त्री पोखरेलले शीर्ष नेताहरुको सहमति लिएर आचार्यलाई बर्खास्त गरेका हुन् । प्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवाले नै आचार्यलाई कारवाही गर्न मुख्यमन्त्री



पोखरेललाई निर्देशन दिएको श्रोतको भनाई छ ।

मन्त्री आचार्यलाई बर्खास्त गरिएको मुख्यमन्त्रीको पत्र प्रदेश प्रमुख पृथ्वीमान गुरुङले स्वीकृत गरेका छन् । प्रदेश प्रमुख गुरुङको सचिवालयले मंगलबार एक सूचना जारी गरी मन्त्री आचार्यलाई बर्खास्त गरिएको जनाएको छ । आचार्यको पार्टी नेपाल समाजवादी पार्टी गठबन्धनमा रहेपनि आचार्य भने गठबन्धनको विरोध गर्दै आएका थिए । उनले पछिल्लो समय एमालेलाई सहयोग गर्दै आएको गठबन्धनको आरोप छ ।

बर्खास्त आफ्नो लागि चुनौतीको कुरा भएको बताएका आचार्यले उक्त निर्णय निर्लज्जाको परकास्ट भएको जनाए । आफु अब नयाँ स्वाभिमान ढंगले अघि बढ्ने बताउदै उनले बाबुराम भट्टराईको डिजाइनमा भएको कारण आफुलाई बर्खास्त भएको दाबी गरे । नितिगत रुपमा गठबन्धन कुनै एउटा कमाउने र खाने धन्दा भएको निवर्तमान मन्त्री आचार्यले बताए । केपी ओलीसंग डराएर गठबन्धन भएको उनको आरोप थियो । उनले भने "मलाई खुट्टामा बन्चरो हान्ने बिरुद्ध अब म बोल्न बाध्य हुने छु यसले बाबुराम र प्रचण्डलाई असर पर्न सक्छ ।" करिब डेढ बर्षको अन्तरालमा अन्य मन्त्रालयहरु भन्दा बढी ९० प्रतिशत प्रगति गरेको दाबी गर्दै उनले राम्रो काम गरेको फल बर्खास्त हुनु परेको जनाए ।

उहाँ गत निर्वाचनमा गोरखा जिल्लाबाट बाबुराम भट्टराई नेतृत्वको तत्कालीन नयाँ शक्ति पार्टीबाट प्रदेशसभा सदस्यमा विजयी बन्नुभएको थियो । अहिलेको निर्वाचनमा टिकट नपाएपछि स्वतन्त्र उम्मेदवारी दिएका आचार्यले पछि उम्मेदवारी फिर्ता लिनुभएको थियो ।

## वैदेशिक रोजगारमा संलग्न महिलाको सुरक्षित, मर्यादित सेवा सुनिश्चितता गर्नुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ कार्तिक**

रोजगारको सिलसिलामा वैदेशिक रोजगारमा जाने महिलामा थुप्रै चुनौती देखिएको भन्दै यसलाई न्यूनीकरण गर्न महिलाको सुरक्षित, मर्यादित सेवा सुनिश्चितता गर्नुपर्नेमा जोड दिइएको छ ।

पोखरामा राष्ट्रिय महिला आयोगले आयोजना गरेको वैदेशिक रोजगारमा संलग्न महिलाको सुरक्षित, मर्यादित र सेवाको सुनिश्चित् ताका लागि वैदेशिक रोजगारीको क्षेत्रमा कार्यरत निकायगत र तहगत सरोकारवालासँगको सार्वजनिक सुनुवाइ कार्यक्रमा सहभागीले सो विषयमा जोड दिएका हुन् ।

वैदेशिक रोजगारका लागि दुबई र कतार गएर फर्किनुभएकी देवी सुनारले वैदेशिक रोजगार अवसरसँगै चुनौती भएकाले यसमा देखिएका समस्याको समाधानमा आयोगले नीतिगत तहबाट पहल गर्नुपर्नेमा जोड दिनुभयो । आफूले सम्बन्धित देशको भाषा र कामको दक्षता नहुँदा आफूले निकै दुःख भोग्नु परेको अनुभव उहाँले सुनाउनुभयो । कुवेतबाट फर्कनुभएकी पार्वती दमैले आफूलाई वैदेशिक रोजगारसम्बन्धी नीतिनियम कानुन केही थाहा नहुँदा श्रम शोषणमा परेको अनुभव सुनाउनुभयो । घरेलु कामदारको रूपमा रहँदा आफूले भोग्नु परेको पीडा सुनाउँदै उहाँले सरकारका कतिपय नीति नियमबारे आफूहरू अञ्जान रहँदा पनि पीडित हुनुपरेको उहाँको भनाइ थियो । उहाँले कमजोर आर्थिक अवस्थाका कारण विकल्प खोज्दै खाडीमुलुक जाँदाका पीडा दर्दनाक भएको र परिवारका सदस्यसँग सम्पर्कमा रहनसमेत नपाउँदा आफ्नै चिन्ताले आमा गुमाउनु परेको पीडा पोख्नुभयो ।

जिल्ला समन्वय समितिका प्रमुख लीलाधर पौडेलले हरेक क्षेत्रमा समस्या देखिएको जनाउँदै त्यसलाई व्यवस्थित गर्ने नीतिनियम र त्यसको कार्यान्वयनको पक्षमा जोड दिन आवश्यक रहेको औँल्याउनुभयो । उहाँले वैदेशिक रोजगारमा जाने महिलाको लागि पहिला त्यस देशको भाषा संस्कार संस्कृतिको बारेमा सामान्य भए पनि जानकारी लिनुपर्ने र कुन कामको लागि जाने त्यो काम दक्ष भएर वैधानिक बाटोबाट जाँदा जोखिम कम हुने भनाइ राख्नुभयो । शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका सचिव हेमराज सुवेदीले सरकारले निषेध गरेका बाहेकका मुलुकमा जाँदा श्रम स्वीकृति लिएर सीप सिकेर जाँदा समस्या कम हुने बताउनुभयो । कार्यक्रमा श्रम तथा रोजगार मन्त्रालयका श्रम अधिकृत लक्ष्मण बरालले गण्डकी प्रदेशमा महिलाको वैदेशिक रोजगार सिम्बन्धी सवाल र महिलाको सुरक्षित तथा मर्यादित रोजगारीका लागि अवलम्बन गर्नुपर्ने उपायको बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँका अनुसार गण्डकी प्रदेशको २०७८ ७९ को तथ्याङ्कमा ९६ हजार नौ सय ९८ जनामध्ये पाँच हजार दुई सय ११ जना महिला वैदेशिक रोजगारमा गएका छन् । त्यसैगरी सामी परियोजना गण्डकीका प्रमुख उमा शर्माले वैदेशिक रोजगारीमा गएका महिलाप्रति सकारात्मक दृष्टिकोणको खाँचो रहेको र सकारात्मक भन्दा नकारात्मक विषयले बढी प्राथमिकता पाउँदा वैदेशिक रोजगारमा गएर आएका महिला समाजमा खुल्न नसकेको बताउनुभयो । आयोगका उपसचिव सीता अधिकारीले पछिल्लो समयमा वैदेशिक रोजगारमा जाने महिलामाथि विभिन्न खालका हिंसा हुने गरेका घटना सार्वजनिक भएसँगै आयोगले २१ वर्षको इतिहसामा पहिलो पटक वैदेशिक रोजगार र महिलाको सवाललाई चासो दिएर कार्यक्रम गरेको बताउनुभयो ।

आयोगका अध्यक्ष कमला पराजुलीले महिला अधिकारको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्न बनेको आयोगले पछिल्लो समय वैदेशिक रोजगारमा रहेका महिलामाथि हुने हिंसाका धेरै घटना बाहिर आएको र यसलाई न्यूनीकरण गर्नका लागि आज उठेका सवाल र सुझावले आगामी रणनीतिक योजना बनाउन सहयोग पुग्ने विश्वास गर्नुभयो । कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख सरिता माल, सामाजिक विकास मन्त्रालयका उपसचिव जमुना पौडेल, इलाका प्रशासन कार्यालय लेखनाथका कमलराज भण्डारी, प्रेस काउन्सिलका सदस्य दुर्गा भण्डारी, नेपाल पत्रकार महासङ्घ कास्कीका अध्यक्ष विमला भण्डारी, इन्सेकका कार्यक्रम संयोजक सवनम शर्मा, नेपाल बारको केन्द्रिय महिला समिति सचिव विनिता नेपाली लगायतले वैदेशिक रोजगारमा महिलाको अवस्था र सरोकारवाला निकायले ध्यान दिनुपर्ने कुरामा सुझाव राख्नुभएको थियो ।

## स्याङ्जामा तात्यो चुनावी माहोल

**–तोलाकान्त बगाले**
**स्याङ्जा, २२ कार्तिक(रासस)**

आगामी मङ्सिर ४ गते हुन लागिरहेको प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनलाई लक्ष्य गर्दै यहाँका राजनीतिक दलहरूले चुनाव केन्द्रित गतिविधिलाई तीव्रता दिएका छन् ।

जिल्लामा क्रियाशील रहेका राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), राप्रपा, राष्ट्रिय जनमोर्चा, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, मङ्गोल नेसनल अर्गनाइजेसन, हाम्रो नेपाली पार्टी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी समाजवादी), नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल), एकीकृत शक्ति नेपाल, मौलिक जरोकिलो पार्टी, नेपाली कांग्रेस बिपीसहितका अन्य स्वतन्त्र दल तथा व्यक्तिहरूले चुनाव चुनाव केन्द्रित गतिविधिलाई तीव्र बनाएका हुन् । दल तथा उम्मेदवारहरूले सम्पर्क कार्यालयहरू खोल्ने, पत्राचार गर्ने, घरदैलो तथा मतदाता भेटघाटका साथै टोलटोलमा पुगेर कोणसभाजस्ता चुनावी गतिविधि बढाएका हुन् ।

स्याङ्जा क्षेत्र नं २ को प्रतिनिधिसभामा कांग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङ र एमालेकी केन्द्रीय सचिव पद्माकुमारी अर्याल, मङ्गोल अर्गनाइजेसनका चोकबहादुर गुरुङ, नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल) का डोलराज विक, राष्ट्रिय जनमुक्ति पार्टीका रिमिसरा गाहा राना, राष्ट्रिय स्वतन्त्र पार्टीका टिकराज गुरुङ, नेपाली कांग्रेस (बिपी) का गणेशप्रसाद पाण्डेय, राष्ट्रिय प्रजातन्त्र पार्टीका लालगोपाल अर्याल, एकीकृत शक्ति नेपालका नरबहादुर खड्काथोकीसहित स्वतन्त्रका सागर ढकाल, डालप्रसाद पाण्डे, चिरञ्जीवी पाण्डेय गरी १२ जना चुनावी प्रतिस्पर्धामा छन् । त्यस्तै प्रदेश (क) तर्फ नेपाली कांग्रेसका भोजराज अर्याल, नेकपा एमालेका मोहनप्रसाद रेग्मी, मङ्गोल नेसनल अर्गनाइजेसनका राजु गुरुङ, राष्ट्रिय जनमोर्चाका हुमबहादुर विश्वकर्मा, राष्ट्रिय प्रजातन्त्र पार्टीका सागर गैह्रे, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का रामचन्द्र भट्टराई र स्वतन्त्र धनबहादुर गुरुङ उम्मेदवार छन् ।

त्यस्तै प्रदेश (ख) तर्फ नेपाली कांग्रेसका महेश भट्टराई, नेकपा (एमाले)का बुद्धिमान श्रेष्ठ, मङ्गोल अर्गनाइजेसनका खर्कबहादुर थापा, राष्ट्रिय जनमुक्ति पार्टीका खड्कबहादुर भेंडी, राष्ट्रिय प्रजातन्त्र पार्टीका कमलप्रसाद डुम्रे, मौलिक जरोकिलो पार्टीका तोयानाथ ढकालले नतिजा आफ्नो पोल्टामा पार्ने गरी गतिविधिहरू अगाडि बढाएका छन् । क्षेत्र नं २ मा नेपाली कांग्रेसका केन्द्रीय उपसभापति गुरुङ र नेकपा एमाले केन्द्रीय सचिव अर्यालबीच प्रतिस्पर्धा हुने देखिन्छ । केन्द्रीयस्तरमा आ-आफ्नो पार्टीमा प्रभाव पार्ने दुई नेताबीचको प्रतिस्पर्धालाई रोचकताका साथ हेरिएको छ । देशमा जरा गाडेर बसेको भ्रष्टाचार अन्त्यका लागि आफ्नो उम्मेदवारी रहेको नेता गुरुङले बताउनुभयो । भ्रष्टाचार विरुद्ध आफ्नो उम्मेदवारी भएको उहाँको जिकिर थियो । नेता गुरुङ पहिलोपटक प्रत्यक्ष निर्वाचनमा होमिनुभएको हो । जबसम्म भ्रष्ट प्रवृत्ति र आचरण अन्त्य गर्न सकिँदैन तबसम्म विकास निर्माण हुन नसक्ने भएकाले भ्रष्टाचार अन्त्यका

बाँकी अन्तिम पृष्ठमा ▶▶



# बगर भाई खलक एट-ए साइड फुटबललाई हिमालयन ब्रुअरीले पाँच वर्षका लागि मुख्य प्रायोजन गर्ने

पोखरापत्र संवाददाता
पोखरा, २२ कार्तिक

बगर भाई खलक एट-ए साइड अन्तर्राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगितालाई हिमालयन ब्रुअरीले मुख्य प्रायोजन गर्ने भएको छ।

चौधरी ग्रुपको मुख्य उत्पादन मध्येको एक हिमालयन ब्रुअरीले आगामी पाँच वर्षका लागि मुख्य प्रायोजन गर्ने भएको हो। मुख्य प्रायोजनका लागि सोमबार एक कार्यक्रमका विच संस्थाका अध्यक्ष दिल बहादुर गुरुङ र हिमालयन ब्रुअरी तथा सिजी होल्डिङ्सका प्रवन्ध निर्देशक करण चौधरीले हस्ताक्षर गरेका छन्। चौधरी ग्रुप र बगर भाई खलकका विच सम्पन्न गरिएको मुख्य प्रायोजनका लागि सर्पोट नेपाल युकेका संस्थापक सदस्य तथा सहारा युकेका संस्थापक अध्यक्ष नविन गुरुङले भूमिका खेलेका थिए। हिमलायन ब्रुअरीले उक्त प्रतियोगिताका लागि हरेक वर्ष ५ लाख प्रायोजन गर्ने भएको हो। सो अवसरमा बोल्दै अरुण चौधरी फाउन्डेशन तथा सिजी होल्डिङ्सका अध्यक्ष अरुण चौधरीले खेलकुदमार्फत समाज अभियानका लागि अघि बढेको संस्था संग मुख्य प्रायोजन गर्न पाउनु शुखद रहेको बताए। सर्पोट नेपाल युकेका संरक्षक समेत रहेका उनले भने- "सामाजिक उत्तरदायित्वका लागि हिमालयन ब्रुअरीले यो सम्झौता गरेको छ। खेलकुद मार्फत व्यवसायको वृद्धि मात्रै नभई समाजलाई अघि बढाउने यसको उद्धेश्य समेत् हो। यसका लागि दुवै संस्थाले आफ्ना योजनाहरु अघि बढाउन सहकार्य आवश्यक छ।" कार्यक्रम बोल्दै हिमालयन ब्रुअरी तथा सिजी होल्डिङ्सका प्रवन्ध निर्देशक करण चौधरीले बगर भाई खलक संग मुख्य प्रायोजन गर्न पाउनु आफ्नो उद्योगकालागि महत्वपूर्ण रहेको बताए। उनले भने-"यो सम्झौता हिमालयन ब्रुअरीले आफ्ना उत्पादन बजारमा समेत पुऱ्याउने उद्धेश्य मात्रै नभई खेलाडीहरुको भविष्यलाई सुनिष्चित गर्ने उद्धेश्य समेत् हो।" आगामी दिनमा बगर भाई खलकले आयोजना गर्ने हरेक कार्यक्रममा जोडिने संग-संगै पोखरामा आफ्ना उत्पादनको बजारीकरण गर्न सहयोग पुग्नेमा आफू विश्वस्त रहेको उनले उल्लेख गरे। सो अवसरमा आफ्ना भनाई राख्दै सहारा युकेका संस्थापक अध्यक्ष तथा सर्पोट नेपाल युकेका संस्थापक सदस्य नविन गुरुङले दुवै संस्था विचको यो सम्वन्ध लामो समय सम्म अघि बढ्नेमा आफू विश्वस्त रहेको बताए। उनले बगर भाई खलकले खेलकुद र समाज विकासका लागि खेलेको महत्वपूर्ण योगदानकै कारण हिमालयन ब्रुअरी जोडिने अवसर प्राप्त भएको बताए।



बगर भाई खलकका अध्यक्ष दिल बहादुर गुरुङको अध्यक्षतामा भएको सम्झौता कार्यक्रममा संस्थाका सल्लाहकार तथा प्रदेश खेलकुद परिषदका संस्थापक सदस्य सचिव तेज बहादुर गुरुङले दुई संस्था विचको सम्झौताले आगामी दिनमा खेलकुद विकासका लागि कोशेढुङ्गा सावित हुने बताए। समाज बदल्न खेलकुको भूमिका महत्वपूर्ण हुने भएको बताउँदै उनले एक प्रसङ्गमा हालै गण्डकीमा सम्पन्न नवौं राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेशले प्रदेशस्तरमा ३२ स्वर्ण पदक सहित पहिलो हुनु गौरवको विषय रहेको बताए। उनले नवौं राष्ट्रिय खेलकुदमा व्यवस्थापनले गर्दा कार्यक्रममा गण्डकी प्रदेशबाशीले अपनत्व ग्रहण गर्न पाउनु दुःखद रहेको उल्लेख गरे।

बगर भाईखलकले भेट्रान्स एट ए साइड फुटबल सहित ग्रास रुट फुटबल प्रशिक्षण कार्यक्रम सत्तचालन गर्दै आइरहेको छ। यसका साथै रक्तदान कार्यक्रम, ५ किमि छात्र-छात्रा दौड लगायत अन्य सामाजिक अभियानमा समेत अग्रसर रहेको संस्थाका सचिव मानकाजी गुरुङले बताए। संस्थामा हाल १५० जना अजिवन सदस्य रहेको र युके, जापान लगायतका मुलुकमा शाखाहरु समेत रहेको छ।

# उम्मेद्बार बराल घरदैलो र मतदाता भेटघाटमा

पोखरापत्र संवाददाता
पोखरा, २२ कार्तिक

कास्की क्षेत्र नं १ प्रतिनिधि सभा सदस्य उम्मेद्बार किशोरदत्त बरालले आफ्नो निर्वाचन क्षेत्रमा घरदैलो र मतदाता भेटघाट कार्य क्रम तीव्र पारेका छन्।

उनले मङ्गलबार पोखरा ३१ मा घरदैलो र मतदाता भेटघाट गरे। उनले बुधबार पोखरा १० मा घरदैलो र मतदाता भेटघाटलाई निरन्तरता दिएका हुन्। मतदाता भेटघाटमा मतदाताहरुले स्थानीय समस्या र आवश्यकता बारे जानकारी गराउने भएका छन्। मतदातासँगको भेटघाटबाट आफूलाई थप उर्जा मिलेको उम्मेद्बार बरालको भनाइ छ। 'भेटघाटमा मतदाताबाट सकारात्मक सद्भाव मिलेको छ, उनले भने - म निकै खुशी र उत्साहित छु।' पोखरा ३१ मा मतदाता भेटघाटपछि विभिन्न स्थानमा कोणसभा गरिएको थियो। कोणसभामा उम्मेद्बार बरालले राजनीति समाज सेवा भएको बताए। उनले सांसद भएपछिको सम्पूर्ण तागत समाजको हितमा भरपूर उपयोग गर्ने प्रतिवद्धता व्यक्त गरे।




कास्की काँग्रेसका सभापति समेत रहेका उम्मेद्बार बरालले समाजका लागि गर्नै पर्ने धेरै काम मध्य स्थानीयको प्राथमिकताका आधारमा अघि बढाउने बताए। उनले गठबन्धनको तागतले गठबन्धनका सबै उम्मेद्बारलाई विजयी बनाउने भन्दै कुनै शक्तिले गठबन्धनलाई हल्लाउन नसक्ने दावी गरे। प्रदेश सभा सदस्य उम्मेद्बार दीपक कोइरालाले मतदाता आफुप्रति निकै सकारात्मक पाएको उल्लेख गरे।

# ब्याजदर घटाउनुपर्ने मागसहित पोखरा चेम्बरको राष्ट्र बैंकलाई ज्ञापनपत्र

पोखरापत्र संवाददाता
पोखरा, २२ कार्तिक

पोखरा चेम्बर अफ कमर्स कास्कीले बैंक तथा वित्तिय संस्थाहरुमा वृद्धि भएको ब्याजदर घटाउन माग राख्दै नेपाल राष्ट्र बैंकलाई ज्ञापनपत्र पठाएको छ।

चेम्बर कास्कीले मंगलबार बैंक तथा वित्तियसंस्थाहरुमा वृद्धि गरिएको ब्याजदरको विरोध गर्दै नेपाल राष्ट्र बैंकका गर्भनरलाई ६ बुदैं माग राख्दै नेपाल राष्ट्र बैंक गण्डकीका प्रमुख रामशरण खरेलमार्फत ज्ञापनपत्र पठाएको हो। ज्ञापनपत्र खरेललाई हस्तान्तरणपश्चात बोल्दै पोखरा चेम्बर अफ कमर्स कास्कीका अध्यक्ष यामनाथ पौडेलले कोरोना, रुस र युक्रेनको युद्धले थलिएको व्यवसायले बैंक तथा वित्तिय संस्थाहरुमा ब्याजदर बढाएर थप पिडा दिएको बताए।



'कोभिड १९ ले व्यवसायीहरुसमेत अछुत रहन सकेन', उनले भने, 'कोभिडपछि रुस र युक्रेनको युद्धका कारण धरापमा परेको नेपाली व्यवसायीहरुलाई नेपाल राष्ट्र बैंकले ब्याजदर वृद्धि गरेर व्यवसायीलाई थप पिडामा राखेको छ। यो निर्णय फिर्ता लिन हाम्रो माग हो।'

उनका अनुसार चेम्बरले आकासिदो ब्याजदर नियन्त्रणका लागि हाल विद्यमान स्प्रेड दर ४.४ प्रतिशतमा १ प्रतिशत घटाउन माग गरेको छ। बैंकहरुको आधार दरलाई न्यूनतम विन्दुमा कायम गरिनुपर्ने, कर्जामा आधार दरको अधिकतम २ प्रतिशत सम्म प्रिमियम थप हुने गरी व्यवस्था गर्न माग गरेको छ। ज्ञापनपत्र हस्तान्तरण कार्यक्रममा चेम्बर्स आफ कमर्श गण्डकी प्रदेशका अध्यक्ष किसान सुनारले व्यवसायीहरुहरुलाई धरापमा पार्ने गरी ब्याजदर बृद्धि गरेको बताए। 'ब्यापार व्यवसाय फस्टाएमात्र देश समृद्ध हुन सक्छ' उनले भने, 'देश समृद्ध बनाउन ब्यापार ब्यवसाय फस्टाउन पर्छ तर राष्ट्र बैंकले व्यवसायीहरुको विरुद्ध ब्याजदर वृद्धि गरेर व्यवसाय धरापमा पारेको छ।'

यस्तै चेम्बर पोखराले नेपाल राष्ट्र बैंकले वाणिज्य बैकहरुलाई वाणिज्य ऋण प्रवाह गर्दा विगत ६ महिना ५ प्रतिशतबाट ८.५ प्रतिशत पुऱ्याएको र त्यसलाई ५ प्रतिशत नै कायम गर्न माग गरेको छ। सिडी न्याटियो ९० प्रतिशतको स्थानमा अन्य वर्षको जस्तै सिडी न्याटियो ८५ प्रतिशत नै कायम गर्न चेम्बरको माग छ।

त्यसैगरि सो ज्ञापनपत्रमा प्रत्यक्ष त्रैमासिकमा पुजीगत खर्चको समीक्षा गरिनु पर्ने र खर्चको लक्ष्य प्राप्तिको लागि प्रभावकारी पहल गरिनुपर्ने माग राखेको छ। यस्तै चेम्बरले स्थानीय, प्रदेश तथा संघीय सरकार अन्तरगतका निकायहरुको खातामा रहेको पुजीगत रकम खर्च हुने नसकेको अवस्थामा रकमको ९५ प्रतिशत रकम वाणिज्य बैंकहरु मार्फत कर्जा प्रवाह गर्ने सुविधा प्रदान गर्न माग गरेको छ। ज्ञापनपत्र हस्तान्तरण कार्यक्रममा पृथ्वी बस सञ्चालक कम्पनी प्रालिका अध्यक्ष योगेन्द्र बहादुर केसी लगायय व्यवसायीहरुको उपस्थिति रहेको थियो। ज्ञापनपत्र बुझाउनुअघि पोखरा मालेपाटनस्थित चेम्बर्स अफ कमर्श कास्कीको कार्यालयबाट पर्स्याङ, सिद्धार्थचोक, विपी चोक, न्यूरोड, सिर्जनाचोक हुदैं नेपाल राष्ट्र बैंक गण्डकी प्रदेशको कार्यालय पुगरे ज्ञापनपत्र बझाइएको थियो।

# स्याङ्जामा...

लागि चुनावी मैदानमा उत्रिएको उहाँले बताउनुभयो।

यसअगाडि अधुरा रहेका विकास निर्माण र राष्ट्रिय हितका लागि आफ्नो उम्मेदवारी रहेको एमाले नेत्री अर्यालले बताउनुभयो। स्याङ्जा क्षेत्र नं २ मा वालिङ नगरपालिका, गल्याङ नगरपालिका, चापाकोट नगरपालिका, भिरकोट नगरपालिका र कालीगण्डकी गाउँपालिका पर्छन्। वालिङका १४ मध्ये १२ वडा, गल्याङका सबै ११ वडा, चापाकोटका सबै १० वडा, भिरकोटका नौमध्ये पाँच वडा र कालीगण्डकीका सात गरी ४५ वडा यो क्षेत्रमा पर्छन्।

गत स्थानीय तहको निर्वाचनमा वालिङ नगरपालिकाको प्रमुखमा नेकपा एमालेका कृष्ण खाँण र उपप्रमुखमा नेपाली कांग्रेसकी कविता तिवारी विजयी हुनुभएको थियो। प्रमुखमा विजयी खाँणले १३ हजार सात सय ७६ मत ल्याएर कांग्रेसका दिलीपप्रताप खाँणलाई पराजित गर्नुभएको थियो। पराजित खाँणले भने ११ हजार पाँच सय ९३ मत ल्याउनुभएको थियो। उपप्रमुखमा कांग्रेसकी गैह्रेले १२ हजार आठ सय २२ मत ल्याएर एमालेकी खगिसरा थापालाई पराजित गर्नुभएको थियो। थापाले १२ हजार तीन सय ४० मत ल्याउनुभएको थियो।

वालिङका १४ वडामध्ये नेपाली कांग्रेसले ६ वडा र एमालेले ८ वडामा विजय प्राप्त गरेको थियो। गल्याङ नगरपालिकाको प्रमुख र उपप्रमुखमा नेपाली कांग्रेस विजयी भएको छ। प्रमुखमा कांग्रेसका गुरुप्रसाद भट्टराईले नौ हजार ६ सय २१ मत ल्याई विजयी हुँदा एमालेका सूर्यप्रसाद गैह्रेले आठ हजार नौ सय २२ मत ल्याई पराजित हुनुभएको थियो। उपप्रमुखमा कांग्रेसकी हेमा न्यौपानेले नौ हजार एक सय १८ मतसहित विजयी हुँदा एमालेकी देवी थापाले नौ हजार ५५ मत प्राप्त गर्नुभएको थियो। एघार वडामध्ये छ वडामा नेपाली कांग्रेस, पाँच वडामा एमाले विजयी भएको थियो। चापाकोट नगरपालिकाको प्रमुख र उपप्रमुखमा नेपाली कांग्रेस विजयी भएको थियो। प्रमुखमा कांग्रेसका देवबहादुर खाँणले सात हजार चार सय ९० मतसहित विजयी हुँदा एमालेका राजु कोइरालाले छ हजार पाँच सय ५५ मत ल्याउनुभयो। उपप्रमुखमा कांग्रेसकी इशा रानाले सात हजार चार सय १३ मत प्राप्त गरी विजयी हुँदा एमालेकी सृष्टि मल्लले छ हजार तीन सय ७६ मत प्राप्त गर्नुभएको थियो। कांग्रेसले पाँच वडा र एमालेले पाँच वडा जितेका थिए। भिरकोट नगरपालिकाको प्रमुख र उपप्रमुखमा कांग्रेस विजयी भएको थियो। वडा नं १, २, ३ र ४ स्याङ्जा क्षेत्र नं १ मा पर्छन् भने ५, ६, ७, ८ र ९ वडा क्षेत्र नं २ मा पर्छन्। भिरकोट नगरपालिकामा वडा नं ६ को अध्यक्षबाहेक अरू सबै वडाध्यक्ष तथा सदस्यहरू नेपाली कांग्रेसले जितेको थियो। कालीगण्डकी गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा नेकपा एमाले विजयी भएको थियो। अध्यक्षमा खिमबहादुर थापा र उपाध्यक्षमा साबित्रा कोइराला विजयी हुनुभएको थियो। थापाले छ हजार सात सय र कोइरालाले छ हजार दुई सय २३ मतसहित निर्वाचित हुनुभएको थियो। अध्यक्षमा पराजित कांग्रेसकी माया रानाले पाँच हजार ५५ र उपाध्यक्षमा पराजित जनमुक्ति पार्टीका बमबहादुर लामिछानेले चार हजार तीन सय ३० मत प्राप्त गर्नुभएको थियो। सातवटा वडामध्ये कांग्रेसले चार र एमालेले तीन वडामा जितेको थियो। क्षेत्र नं २ मा ४५ वडामध्ये नेपाली कांग्रेस २५ वडा र नेकपा एमाले २० वडामा विजयी भएको थियो। नेपालको कानुनमा भ्रष्टाचारसम्बन्धी छिद्रहरू रहेको हुँदा समसामयिक ऐन संशोधन गरी भ्रष्टाचार विरोधी अभियान कार्यान्वयनका लागि नेपाली कांग्रेसका उम्मेदवारलाई विजयी बनाउनु आवश्यक रहेको नेपाली कांग्रेस स्याङ्जा क्षेत्र नं २ का क्षेत्रीय सभापति दिलीपप्रताप खाँणले बताउनुभयो। नागरिकको पहुँचमा पुग्ने गरी सरकारका बजेटहरू निर्माण गर्न र जनतालाई न्याय दिलाउनाका साथै देशको समृद्धिका लागि कांग्रेसका उम्मेदवारहरूलाई जिताउनुको विकल्प नभएको उहाँले बताउनुभयो। परिवारवाद, आफन्तवाद, राजनैतिक कुसंस्कार र भ्रष्टाचारका विरुद्धमा आवाज उठाउँदै आउनुभएका कांग्रेसका केन्द्रीय उपसभापति गुरुङलाई प्रतिनिधिसभामा, भोजराज अर्याल, महेश भट्टराईलाई प्रदेशसहित समानुपातिकका उम्मेदवारहरूलाई विजयी गराउने गरी अगाडि बढेको क्षेत्रीय सभापति खाँणले जानकारी गराउनुभयो। एमाले सरकारमा रहँदा चुच्चे नक्सा निकालेको र त्यसको कार्यान्वयन गर्न, स्वाभिमानी अन्तर ाष्ट्रिय कूटनीति संस्थागत गर्न, समृद्धिको सुरुआत गर्न, राजनीतिक स्थिरता कायम गर्न र सबै नेपालीलाई खुसी बनाउनका लागि एमालेका उम्मेदवारहरूलाई विजयी गराउनुपर्नेमा पार्टीका जिल्ला अध्यक्ष सूर्यप्रसाद गैह्रेलजोड दिनुभयो। यसअघिको निर्वाचनमा स्याङ्जा क्षेत्र नं २ बाट नेपाली कांग्रेसका नेता एवं पूर्वउपप्रधानमन्त्री गोपालमान श्रेष्ठलाई पराजित गर्नुभएकी अर्याल विजयी भएसँगै मन्त्रीसमेत हुनुभएको थियो। वाम गठबन्धनबाट विजयी अर्यालले ३५ हजार एक सय ४१ मत ल्याएर विजयी हुँदा श्रेष्ठले ३१ हजार चार सय ३६ मत प्राप्त गर्नुभएको थियो।

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको बीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

### सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# मन्त्री पदको अबमुल्यन

प्रतिनिधिसभा र प्रदेश सभामा उमेदवार भएका जति सबैलाई मन्त्री बनाउने आश्वासन पार्टीका मुलीले दिने गरेका छन । निर्वाचनमा आफ्नो दलको घोषणापत्रका आधारमा मत नमागी मन्त्री बनाउँछु जिताउन अपिल गर्ने होड चलेको छ। गठबन्धन सरकारमा जति सांसद सबै मन्त्री बनाएका नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले उमेदवार जति सबैलाई मन्त्री बनाउने आश्वासन दिएका छन। बहुमत ल्याउने दलको नेता प्रधानमन्त्री हुन्छन्। उठाएका सबैले जितेपनि बहुमत आउने संभावना छैन। ताजा जनादेश भनेको बहुमत ल्याउनेले सरकारको नेतृत्व गर्ने हो।बहुमत कसैको आउन नसके पहिलो दलको सरकार बनाउने हक हुन्छ। दुवै संभावना नहुने मन्त्री बनाउँछु भन्नू मतदातालाई झुक्याउने काम मात्र हो।

गठबन्धन सरकार बनेमा पार्टी सरकारमा सहभागी हुने अवस्थामा आफ्नो भागमा परेको मन्त्रालयमा मन्त्री बनाउन सकिन्छ। प्रतिनिधिसभा सदस्य जितेमा संसदीय दलमा राम्रो भुमिका दिन नेताले सक्छन । संसदमा प्रभावकारी भुमिका खेल्ने बनाउन सक्छन्। सक्ने काम नगर्ने सबैलाई मन्त्री बनाउने आश्वासन दिएर निर्वाचनलाई खर्चिलो बनाउने काम गरेको छ। २०७४ को चुनावमा बामपंथी गठबन्धनका नेता एमाले अध्यक्ष केपी शर्मा ओलीले ताप्लेजुङको चुनावी सभामा बोलेका कुरा पुरा नहुँदा धेरै ठाउँमा स्पष्टीकरण दिनु परेको थियो । अहिले प्रचण्डले ओलीको शैली अनुशरण गर्दैछन् । निर्वाचन लक्षित देश दौडाहामा निस्किएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले कर्णालीका तीन जिल्लामा पाँच जनालाई मन्त्री बनाउने आश्वाशन दिएर चुनाव लड्नु भनेको मन्त्री बन्न हो भन्ने स्थापित गर्न खोजिएको छाटिकट लिन ठूलो कसरत गर्नुपर्ने गलत संस्कार हुर्काउन खोजिएको छ।

सत्ता गठबन्धनका तर्फबाट प्रतिनिधिसभा र प्रदेश सभामा टिकट वितरणको विषयलाई लिएर आन्तरिक विवादकै कारण बागी उम्मेरदवार भएका कर्णाली प्रदेशका जुम्ला, हुम्ला र कालीकोट पुगेका प्रचण्डले मुख्यमन्त्री दोहोऱ्याउने आश्वासनसमेत दिन भ्याएका छन। पार्टीमा टिकट दिंदा न्यायोचित आधार नहुँदा नेता रिझाउन सक्ने र खर्च गर्न सक्नेले मात्र पाउने अवस्था छ। मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा जिल्लाका मतदातालाई आकर्षित गर्न हिमाली जिल्ला पुगेका प्रचण्डले सत्ता गठबन्धनका तर्फबाट जुम्लाका प्रतिनिधिसभा सदस्यका उम्मेदार जुम्लाका गोमा कुँवर, हम्लाका छिरिङ दम्डोल लामा (कार्चेन)लाई विजयी बनाए संघीय सरकारको क्याविनेट मन्त्री बनाउने सार्वजनिक प्रतिवद्धता जनाए।

त्यसैगरी कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाहीलाई कर्णाली प्रदेशको भाबी मुख्यमन्त्री र कालीकोटका हिक्मतबहादुर विष्टलाई कर्णाली प्रदेशको क्याविनेट मन्त्री बनाउने आश्वाशन दिए । पूर्वप्रधानमन्त्रीसमेत रहेका प्रचण्डले सत्ता गठबन्धनले चन्दननाथ नगरपालिका–५ सेराज्युलोमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै जुम्लाबाट प्रतिनिधिसभामा गठबन्धनका साझा उम्मेरदवार गोमा कुँवरलाई अब बन्ने सरकारमा क्याविनेट मन्त्री बनाउने बताए। 'जुम्लाको चीरपरिचित नेतृको नाम गोमा कुँवर हो। यसअघि मेरै नेतृत्वको सरकारमा मन्त्रीको सफल जिम्मेवारी निर्वाह गरेकी नेतृ गोमालाई तपाईं (जुम्लाका मतदाता)ले विजयी गराएर पठाउनुहोस्, म मन्त्री बनाएर पठाउँछु,'। जहाँ जस्लाई उसैलाई मन्त्री बनाउँछु भन्नू मन्त्री पदको अवमूल्यन हो। जुम्लाबाट एक घण्टापछि हुम्लाको सर्केगाडमा आयोजित चुनावी सभालाई सम्बोधन गरेका प्रचण्डले छिरिङ दम्डोल लामा (कार्चेन)लाई कर्णाली प्रदेशकै मन्त्री बनाएर आफूले हुम्लालाई प्राथमिकता दिएको उल्लेख गरे। उनले मंसिर ४ गतेको निर्वाचनमा जिताएर पठाए नेपाल सरकारको क्याविनेट मन्त्री पक्का बनाउने प्रतिवद्धता व्यक्त गरे।

कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाहीलाई उनले प्रशंसा गर्दै पुनः मुख्यमन्त्री बनाउने बताए। कालीकोटमा पनि दुई जनालाई मन्त्री बनाउने आश्वासन दिए। उनले प्रतिनिधिसभा उम्मेदवार महेन्द्रबहादुर शाही र प्रदेशसभामा हिक्मत विष्टलाई चुनाव जिताएर पठाए क्याविनेट मन्त्री बनाउने आश्वासन दिए । साझा उम्मेरदवारलाई इकमानदारिताका साथ विजय गराउन सार्वजनिक अपील गरेका प्रचण्डले प्रदेश निर्वाचन क्षेत्र २ का उम्मेरदवार हिक्मत विष्टलाई गठबन्धनले प्रदेश सरकारको मन्त्री बनाउने बचन दिन भ्याए । सबैलाई पद दिएर पार्टीमा थुमथुम्याउने काम मात्र हो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# खानेपानीको समस्या समाधान गरिदिन गणेशमान गुरुङलाई पोखरा १९ का मतदाताको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ कार्तिक**

पोखरा वडा नम्वर १९ का मतदाताले खानेपानीको समस्या समाधान गरिदिन एमाले उम्मेरवार हरुसँग आगह गरेका छन्। पोखरा १९ को अन्य ठाउँको तुलनामा लाम्पाटामा खानेपानीको चरम अभाव भएको त्यहाँका स्थानीय बताउँछन्।

कास्की ३ (क) का प्रदेश सभा उम्मेदवार गणेशमान गुरुङसँग मंगलवार भएको भेटमा त्यहाँका स्थानीयले भने-' खानेपानी जस्तो मानिसको अति आधारभूत आवश्यकताबाट हामी बञ्चित भएका छौं । हामीलाई बाटोको पनि समस्या छ, हामी महानगरवासी भन्न पनि लाज लागेर आउँछ । स्थानीय, प्रदेश र केन्द्र जति प्रकारका सरकार भएपनि हाम्रो समस्या समाधान भएको छैन्, त्यसैले हाम्रा आधारभुत आवश्कतालाई पूरा गरिदिनुहोला भन्ने हाम्रो आग्रह हो।' स्थानीयका समस्यालाई मनन गर्दै उम्मेदवार गुरुङले भुगोलको हिसावले सुगम भएपनि सुविधाको हिसावले दुर्लम भएको पोखरा १९ का समस्यालाई जस्तो भुगोल त्यस्तै सुगम बनाउन पूर्वाधारको विकास गर्ने वचन दिएका छन् । र, निर्वाचित भएपछि पोखरा १९ बाट नै विकासको काम शुरु गर्ने उनको प्रतिवद्धता छ । उम्मेदवार गुरुङले मंगलवार पोखरा १९ को चितेपाति, लाम्पाटा, तल्लो काउरे, काउरे, चुरुङ्गा, भूनपुरे लगायतका स्थानका मतदातासँग भेटघाट गरेका थिए।

# छिम्केश्वरी पर्यटन मार्गमा तीन तहका सरकारको लगानी

**पोखरापत्र संवाददाता**
**तनहुँ, २२ कार्तिक**

आँबुखैरेनी गाउँपालिका–५ मा पर्ने छिम्केश्वरी पर्यटन मार्ग कालोपत्र गर्नका लागि तीन तहकै सरकारले लगानी गरेका छन्।

गण्डकी प्रदेशको ४७ करोड, सङ्घीय सरकारको समपुरक रु छ करोड र आँबुखैरेनी गाउँपालिकाको रु एक करोड गरी रु ५४ करोड लगानी हुने गाउँपालिका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो।

समुद्री सतहबाट दुई हजार एक सय ३४ मिटर उचाइमा रहेको धार्मिक पर्यटकीयस्थल छिम्केश्वरी मन्दिर जाने मार्ग कालोपत्र गर्न लागिएको हो । सडक कालोपत्रेको ठेक्का शर्मा काष्ठमण्डप निर्माण सेवा पाएको छ । छिम्केश्वरी मन्दिर धार्मिक आस्थाको केन्द्र रहनुका साथै त्यहाँबाट देखिने प्राकृतिक दृश्य हेर्न पर्यटक आउने गरेका छन् । यहाँबाट हिमशृङ्खला, हरियाली डाँडाकाँडा तथा समथर फाँट सजिलै देख्न सकिन्छ। जिल्लाको आँबु, भाँगे, छिम्केश्वरी, हिलेखर्क, बाहुन भञ्ज्याङ, छिम्केश्वरी सडक पर्यटक मार्गको नामले परिचित हुँदै आएको अध्यक्ष चुमानले बताउनुभयो।

आँबुखैरेनी–३ गाउँपालिका चोकदेखि छिम्केश्वरी डाँडासम्म करिब १६ किलोमिटरमध्ये रु ५० लाखको लागतमा तीन किमी सडक स्तरोन्नती गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो। दुई वर्षअघि निर्माण सम्पन्न भइसक्नुपर्ने भए पनि कोरोना महामारीका कारण ढिलाइ भएको थियो।

# कुश्माबजारमा जेब्रा क्रसिङ

**पोखरापत्र संवाददाता**
**पर्वत, २२ कार्तिक**

जिल्ला ट्राफिक कार्यालय पर्वतले सडक सुरक्षाका लागि पर्वतको कुश्मा बजारमा जेब्राक्रसिङ बनाउने अभियान सञ्चालन गरेको छ।

साविकको सदरमुकाम कुश्मा बजारभित्र सडक स्तरोन्नति भएसँगै सडकमा यात्रुलाईसमेत सहज रूपमा वारपार गर्नसमेत समस्या भएपछि ट्राफिक कार्यालय पर्वतको सक्रियतामा जेब्रा क्रसिङ बनाइएको हो। कुश्मा नगरपालिकाको सहयोगमा कुश्मा बजारभित्रका विभिन्न ६ स्थानमा ट्राफिक प्रहरीले जेब्राक्रसिङ बनाएको छ। विशेष गरी ग्रामीण क्षेत्रबाट सदरमुकाममा विविध काम लिएर आउने सर्वसाधरण बढी समस्यामा परेको गुनासो आएपछि जेब्रा क्रसिङ बनाइएको जिल्ला ट्राफिक कार्यालय पर्वतका प्रमुख सुमन न्युरेले जानकारी दिनुभयो।

ट्राफिक प्रहरीले विशेष गरी बढीजसो सेवाग्राही जाने कार्यालयको सम्मुख र विद्यालय क्षेत्रमा जेब्रा क्रसिङ निर्माण गरेको छ। योसँगै पर्वतमा पछिल्लो समय ट्राफिक प्रहरीले सक्रियता बढाएपछि दुर्घटनासमेत न्यूनीकरण भएको छ। व्यवस्थित बसपार्क नहुँदा राजमार्गमा रोकेर राखिने गरिएका सवारी साधन स्थानीय तहको सहयोग र समन्वयमा ट्राफिक कार्यालय पर्वतले नै निर्माणाधीन बसपार्कमा अस्थायी रूपमा स्तरोन्नति गरी व्यवस्थापन गरेको न्यूरेले जानकारी दिनुभयो । पर्वतमा सञ्चालित साहसिक पर्यटकीय पूर्वाधारका कारण कुश्माबजारमा आन्तरिक तथा बाह्य पर्यटकको समेत चहलपहल बढ्दै गएको छ।

# 'सुदृढ र समुन्नत समाज निर्माणका लागि उम्मेदवारी'–एमाले नेत्री भट्टराई

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ कार्तिक**

नेकपा एमाले कास्की निर्वाचन क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार विद्या भट्टराई अधिकारीले समाजका हरेक असमानताको अन्त्य गरि सुदृढ र समुन्नत समाज निर्माणका लागि आफ्नो उम्मेदवारी रहेको बताएकी छन्।

सञ्चारिका समुह गण्डकी प्रदेशको आयोजनामा मंगलवार पोखरामा आयोजित कास्की जिल्लाका महिला उम्मेदवारसँग मंसीर ४ निर्वाचन विशेष अन्तर्गत भोट पहिला,नेतृत्व महिला विषयक अन्तरक्रिया कार्यक्रममा उनले सुदृढ समाज निर्माणमा आवश्यक नीति निर्माण र कार्यान्वयनमा जुट्ने प्रतिवद्धता व्यक्त गरिन्। भोट पहिला नेतृत्वमा महिला भन्ने एक प्रश्नको जवाफमा उनले मुलुकमा सिपमूलक शिक्षाका लागि आवश्यक ऐन निर्माण गर्दै कृषिको आधुनिकीकरणमा जुट्ने विश्वास व्यक्त गर्नुभयो।

समृद्धिको अभियानमा महिला सशक्तिकरण र युवालाई स्वदेशमै रोजगारीको लागि उत्पादनमा जोड्नु पर्नेमा जोड दिंदउनले त्यसका लागि तीनै तहका सरकारको समन्वय र सहकार्यको खाँचो औल्याईन्।

नेकपा एमालेतर्फबाट क्षेत्र नं. २ (ख) का प्रत्येक्षतर्फका उम्मेदवार मिना गुरुङले समानता, सुशासन र सशक्तिकरणका लागि उम्मेदवार भएको बताईन्। राजनैतिक दलले महिला ३३ प्रतिशत महिलालाई प्रत्यक्ष निर्वाचनमा उम्मेदवार बनाएर संविधानको कार्यान्वयन गर्न महिलाहरु संगठित भएर अघि बढ्नु पर्नेमा जोड दिईन्। नेपाली कांग्रेसको तर्फबाट समानुपातिकाका उम्मेदवार सरस्वती गुरुङले महिलाको हक अधिकार स्थापित गर्न संगठित भएर लाग्नुको विकल्प नभएको उल्लेख गर्दै गठवन्धनको कारण प्रत्येक्षतर्फ महिला उम्मेदवारको संख्यामा कमि भएको विचार व्यक्त गरिन्। राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट प्रतिनिधि सभामा समानुपाति उम्मेदवार श्रीस गुरुङले पोखराको पर्यटन विकासमा आवश्यक निती निर्माणसंगै पर्यटन र कृषिमा जोड् दिदैं राजगारी सिर्जना गर्नेका लागि आफ्नो उम्मेदवारी भएको धारणा राखिन्। नेकपा एमालेको तर्फवाट प्रदेश सभा सदस्यका समानुपातिक उम्मेदवार तथा बरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. छममाया पुनले स्वास्थ्य क्षेत्रको सुधारका साथै महिला स्वास्थ्यमा ध्यानमा बिशेष ध्यान दिने प्रतिवद्धता व्यक्त गरिन्। समुहकी प्रदेश अध्यक्ष कविता श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेस प्रदेशका समानुपातिक उम्मेदवार लक्ष्मी पाण्डे, समानुपातिक उम्मेदवार जैनुम खातुङ, राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार कृष्ण गुरुङ, राममाया बस्ताकोटि लगायतका महिला उम्मेदवारहरुले महिला नेतृत्व निर्माणसंगै पार्टीमा हस्तक्षपकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औल्याएका थिए। प्रेस काउन्सिल नेपालका सदस्य दुर्गा भण्डारीले अवधारणा पत्र प्रस्तुत गरेको कार्यक्रममा कोपिला नेपालीकी विना सिलवाल, सञ्चारिका समुहकी पूर्व अध्यक्ष निर्मला शर्मा लगायतले महिला केन्द्रीत निर्वाचन क्षेत्रको व्यवस्था हुनुपर्नेमा जोड दिएका थिए।

# गाउँबाट सुरु हुन्छ समृद्धिः मीना

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ कार्तिक**



एमाले नेतृ मीना गुरुङले नयाँ नेपालको जग गाउँ भएको उल्लेख गर्दै समृद्धि पनि गाउँबाटै सुरु हुने बताइन्।

कास्की २ (२) की उम्मेदवार गुरुङले केही पूर्वाधार बनिसकेका सहरमा योजनाबद्ध विकास र ग्रामीण क्षेत्रमा पूर्वाधार र अवसर पुऱ्याउँदै समृद्धिको सपना साकार पार्न सकिने बताइन् । मंगलबार पोखरा २० भलाममा चुनावी प्रचारमा गएकी उनले मतदातामाझ यस्तो प्रतिवद्धता गरेकी हुन् । उनले पोखरा महानगरमा पछि थपिएका वडाका बासिन्दालाई महानगरबासीको अनुभूति दिलाउन पोखरा महानगरसँग सहकार्य गर्दै पहलकदमी लिने प्रतिवद्धता जनाइन् । उम्मेदवार गुरुङले भनिन्, 'महानगरमा गाभियो, सुविधा थपिएन। यस्तो विडम्बना चाडै हटाउँछौं।'

उनले भलाम जाने सडक कालोपत्र बनाउन र खानेपानीको उचित प्रबन्ध गर्ने बाचा गरिन्। यो क्षेत्रमा व्यवसायिक पशुपालन र खेतीको सम्भावना रहेकाले त्यसलाई पर्यटनसँग जोडेरअघि बढाउन प्रदेश सरकारलाई झक्झक्याउने उनको भनाइ छ।

उनले ०१५ सालमा द्वारिकदेवी ठकुराठी प्रत्यक्ष निर्वाचित हुँदादेखि अहिलेसम्म पनि महिलालाई हेर्ने दृष्टिकोणमा ठूलो परिवर्तन आइनसकेको सुनाइन्। उनले भनिन्, 'समानता, सशक्तीकरण, सुशासन र समृद्धि मेरा एजेन्डा हुन् । द्वारिकादेवी ठकुराठीदेखि आजसम्म पनि अवस्था धेरै बद्लिएको छैन।

मुख्य दलबाट ९ प्रतिशत उम्मेदवार महिला छौं, तीमध्ये पनि सबै विजयी हुने अवस्था छैन । आधा धर्तीलाई ७/८ प्रतिशत प्रतिनिधित्व हुने अवस्था छ।'


## Putalibazar Municipality
### Office Of Municipal Executive
### Gandaki Provience, Syangja, Nepal

## Invitation for Bids

**Date of first publication: 2022-11-09 (2079/7/23 B.S.)**

1. Office of the Putalibazar Municipality,invites bids from eligible and qualified bidders form the following vehicles works.

| SN No. | Contract ID No. | Description of works | Estimate Amount ( Excluding of VAT) Nrs. | Bid Purchase Amount Nrs. | Bid submission Date before | Bid security amount / Bid validity period | Date of Bid Opening and time |
|---|---|---|---|---|---|---|---|
| 1 | 01/PM/GOODS /NCB/079/080 | Supply and Delivery of Medicine,Senior citizen Medicine and Birthing Center Items | Nrs. 3701032.20 | Nrs.3000.00 | 2022-12-09 12:00 hours | Nrs.1,05,000.00 120 days | 2022-12-09 13:00 hours |

2. Information to depost the cost of bidding document and bid bond in the bank.

| | | |
|---|---|---|
| Office Name | Office of the Putalibazar Municipality | |
| Rajaswo Khata No | 07203000001001000001 | Nepal Bank Limited,Syangja |
| Deposit Account No | Ga -3 -0 07203000003000000001 | |

3. Electronic bids must be submitted to the office of Putalibazar Municipality Syangja through PPMO website www.bolpatra.gov.np.(online).
4. Putalibazar Municipality, office of Muicipal Executive, Syangja reserves the right to accept or reject any bid, and to annul the process and reject all bid at any time prior to contract award.

**Chief Administrative Officer**

# प्रकाश बराल भन्छन्, 'कास्की-३ (ख) मा ब्रेक थ्रु हुन्छ, नयाँ नतिजा आउँछ'



पोखरापत्र संवाददाता
पोखरा, २२ कार्तिक

आशन्न मंसिर ४ को निर्वाचन अन्तर्गत कास्की-३ (ख) मा विशेषगरि दुई युवाबीचमा कडा प्रतिस्पर्धा हुने देखिएको छ। संयुक्त गठवन्धनबाट नेपाली कांग्रेसका प्रकाश बराल डेब्युको तयारीमा छन् भने नेकपा एमालेका राजीव पहारी दोश्रो कार्यकालका लागि तयारीमा छन् । बराल गठवन्धनबाट ढुक्क छन् भने पहारी एमालेको संगठन बलियो भएकाले कसैले हराउन नसक्नेमा ढुक्क छन् ।

स्थानीय तहको निर्वाचनको मत परिणाम हेर्दा दुवै पक्षबीच निकै कडा प्रतिस्पर्धा छ । यस क्षेत्रका केही वडामा माओवादीले आफ्ना उम्मेद्वार उठाएको थियो भने धेरै वडामा उम्मेद्वार थिएनन् । यो क्षेत्रमा पर्ने वडाहरुको मत हेर्दा नेपाली कांग्रेसले १४ हजार ५७ र एमालेले १४ हजार ९२९ मत पाएको थियो । गठबन्धनभित्रका दलहरुले पाएको मतसमेत जोड्दा बराल पहारीभन्दा केही अगाडि देखिन्छन् । 'निर्वाचन हो जे पनि हुन सक्छ । माननीयज्यू परीक्षण भइसक्नुभयो । नयाँ योजना लिएर म जनताका आएको छु', मंगलबार कास्कीको लान्द्रुक पुगेका बराल भन्छन्, 'पहिलो कुरा गठवन्धनको मत केही बढी छ, दोश्रो कुरा जनताका लागि म नयाँ भिजन लिएर आएको छु र तेश्रो कुरा मैले २० वर्षदेखि कुनै न कुनै तवरबाट युवा पिंढीका साथै जनतासंग जोडिंदै आएको छु ।'

आफूले भ्कुट बोल्न नजान्ने भएकाले पनि आफूले निर्वाचन जित्न सहज हुने उनको आँकलन छ। उनले भने, 'डेढ दशक सरकारी सेवासहित करिब २० वर्ष जनताको सेवा गरें। कहिल्यै भ्कुट बोल्नु परेन, नहुने र नपुग्ने कुरा पनि गर्दै गरिन । अहिले निर्वाचनमा पनि मैले नसक्ने कुरा गरेको छैन ।' 'यसअघिका माननीयको काम जनताले देखिसकेका छन्, भोगिसकेका छन् । उनले गर्न सक्नेजति गरिसक्नुभयो,' उम्मेद्वार बराल भन्छन्, 'यसपालि 'ब्रेक थ्रु' हुन्छ । नयाँ नतिजा आउँछ ।'

'कास्कीकोट, अन्नपूर्ण गाउँपालिकाका विभिन्न वडाहरुमा अहिले पनि खानेपानीको चरम समस्या छ', उनले भने, 'यसअघिका मानीनय निर्वाचित भएकै साता पानी पुर्‍याउने भन्दै पाइप बोकेर कास्कीकोट पुगेको भन्ने सुनेको थिएँ । तर हालसम्म समस्या ज्युँका त्युँ रैछ ।' मंगलबार बिहान कास्कीकोटका मतदाता सामु उम्मेद्वार बरालले भने, 'अब यी समस्या मेरो पनि हो । मेरा बुबा-आमालाई धेरै दिन समस्यामा राख्दिन । पानी बोक्दा आमाका ढाडका खाला अब जाँदैनन् । यहाँका गाईबाख्रा र कुखुराले पनि मज्जाले पानी पिउन पाउँछन् ।'

साथै बरालले कास्कीकोटको गुण्टीचौरदेखि वडा कार्यालयसम्मको सडक पिच गरेरै छाड्ने प्रतिवद्धता जनाएका छन् । उनले भने, 'सडकका कारण बुबा आमाले धेरै दुःख पाउनुभो । वडा कार्यालयमा काम परेर जान पनि निकै कठिन भयो। यो काम सांसदको मात्रै नभए पनि सडक पिच बनाउन कम्मर कसेर लाग्छु ।' बाँदरको समस्यामा सबै गम्भीर हुनुपर्नेमा उनको जोड छ। अहिले नै बाँदरको समस्या समाधानका लागि कहाँ के गर्न सकिन्छ त्यसमा आफ्नो ध्यान केन्द्रित हुने उनले स्पष्ट पारे।

# 'जनता नै न्यायाधीश'-एमाले उम्मेदवार मनबहादुर गुरूङ

पोखरापत्र संवाददाता
पोखरा, २२ कार्तिक

नेकपा (एमाले) को तर्फबाट कास्की क्षेत्र नम्वर १ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार मनबहादुर गुरूङले आफ्ना जनता नै न्यायाधीश भएको बताएका छन् ।

सबैको चासो, गुनासो र आशालाई पूरा गर्ने पार्टी एमाले मात्रै भएको बताउँदै उनले जनताले नै न्यायाधीश भएर निर्वाचनमा एमालेलाई जिताउने विश्वास व्यक्त गरे । मादी गाउँपालिका वडा नम्वर १०/११ मा उम्मेदवार भेटघाट तथा अर्न्तक्रिया कार्यक्रममा बोल्दै गुरूङले गठबन्धनले देशमा समस्या मात्रै सिर्जना गरेको बताउँदै देशमा समृद्धि ल्याउन एमालेको जित अनिवार्य भएको स्पष्ट पारे । एमाले कास्कीका अध्यक्ष समेत रहेका उनले एमाले सबैको साझा पार्टी भएको बताउँदै मंसिर ४ गते हुने निर्वाचनमा तुलनात्मक रूपमा एमालेले राम्रो नतिजा ल्याउने दावी गरे। स्थानीय धनबहादुर कार्कीले विकास गर्ने पार्टी नै एमाले भएकोले सबै मिलि एमालेका उम्मेदवारलाई अत्यधिक मतले विजय गराउने आजको आवश्यकता भएको उल्लेख गर्दै सबै स्थानीयलाई सूर्य चिन्हमा मतदान गर्न आग्रह गरे ।

एमाले उम्मेदवारहरले वाचोक, बरालडाँडा, उपल्लो साप्ले लगायत ठाउँमा घरदैलो भएको थिए ।

अन्य राजनीति पार्टी भन्दा तुलनात्मक रूपमा एमाले बलियो रहेको यस क्षेत्रमा अहिले एमाले उम्मेदवारहरुले भेटघाट कार्यक्रमलाई तीव्रता दिएका छन् ।

# पाँचदलीय गठबन्धनले मात्र मुस्लिमका अधिकार सुनिश्चित गर्न सक्छ : नेता सतार

पोखरापत्र संवाददाता
पोखरा, २२ कार्तिक

नेपाली कांग्रेसका केन्द्रीय सदस्य अब्दुल सतारले मुस्लिमका अधिकार पाँचदलीय गठबन्धनमा आबद्ध पार्टीहरूले मात्र सुनिश्चित गर्न सक्ने दाबी गर्नुभएको छ ।

मङ्सिर ४ गतेको निर्वाचनको पूर्वसन्ध्यामा पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै सतारलले मुस्लिम समूदाय समक्ष आफ्नो अधिकार स्थापित गर्नका लागि पाँचदलीय गठबन्धनका उम्मेदवारलाई मतदान गर्न आग्रह गर्नुभयो । नेपालको संविधानले मुलुकभर छरिएका समूदाय, आदिवासी, जनजाति, मुस्लिम, दलित, अल्पसङ्ख्यक र पिछडिएको वर्गको अधिकार सुनिश्चित गरेको भए पनि अघिल्लो सरकारले मुस्लिमहरूले पाउँदै आएको राष्ट्रिय विदासमेत कटौती गरेको प्रति उहाँले आपत्ति प्रकट गर्नुभयो। अघिल्लो सरकारले संविधानमाथि नै प्रहार गरी निरङ्कुश अधिनायकवाद र स्वेच्छाचारी ढङ्गले संविधान प्रदत्त अधिकार कटौती गरेकै कारण धार्मिक, सांस्कृतिक तथा संवैधानिक अधिकार सुनिश्चितताका लागि पाँचदलीय गठबन्धनको साथ आवश्यक उहाँको भनाइ छ । जनगणना-२०६८ अनुसार नेपालमा चार प्रतिशत मुस्लिम समूदाय रहेको न्दै णराज्यका हरेक निकायमा मुस्लिमको समान प्रतिनिधित्व हुनुपर्नेमा उहाँले जोड दिनुभयो । नेकपा (एकीकृत) समाजवादीका तर्फबाट प्रतिनिधिसभा सदस्यका समानुपातिक उम्मेदवार जैनब खातुनले मुस्लिम समूदायलाई राज्यले सधैँ पछाडि पारेकै कारण अधिकार प्राप्त नभएसम्म सङ्घर्ष गरिरहनुपर्ने बताउनुभयो । मुस्लिमहरूको अधिकार प्राप्तिका लागि आफू सङ्घर्षरत रहेको र संसद्मा पुगेपछि पनि मुस्लिम अधिकारका बारेमा बुलन्द आवाज उठाउने उहाँको भनाइ छ।

सो अवसरमा नेकपा माओवादी (केन्द्र) गण्डकी प्रदेशसभामा समानुपातिक उम्मेदवार रहनुभएकी जुविदा खातुनले मुस्लिम सुदायलाई राज्यका हरेक निकायमा पछाडि पारिएको दाबी गर्नुभयो ।

# १५ हजार मतान्तरले चुनाव जित्छु: मन्त्री पौडेल

पोखरापत्र संवाददाता
बागलुङ, २२ कार्तिक

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले आफूले यसपटकको निर्वाचन १५ हजार मतान्तरले जित्ने दाबी गर्नुभएको छ ।

बागलुङको ताराखोलामा आयोजित चुनावी अभियानलाई सम्बोधन गर्दै मन्त्री पौडेलले अहिलेको लडाइ प्रतिगमनकारीविरुद्ध भएकाले सबै एकजुट हुनुपर्ने बताउनुभयो ।

प्रतिगमनकारीहरू लोकतन्त्रलाई समाप्त पार्न खोजेको आरोप लगाउँदै उहाँले उनीहरू संविधान विरोधी भएको समेत बताउनुभयो । बागलुङ क्षेत्र नम्बर २ बाट पाँचदलीय गठबन्धनका साझा उम्मेदवारसमेत रहनुभएका मन्त्री पौडेलले भन्नुभयो, "पाँच दल एकै ठाउँमा नआएको भए प्रतिगामीहरूले मुलुकलाई अँध्यारो सुरुङभित्र हालिसक्थे ।"

पाँचदलीय गठबन्धन चुनावका लागि मात्र नभइ लोकतन्त्र र संविधान रक्षाका लागि बनेको हो उहाँको भनाइ छ। अघिल्लो कार्यकालमा सुरु गरेका योजना पूरा गर्न र यस क्षेत्रको मुहार फेर्नका लागि आफू फेरि एकपटक चुनावमा होमिनुपरेको मन्त्री पौडेलले जिकिर गर्नुभयो ।

नेपाल सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## पशु सेवा विभाग
## राष्ट्रिय पशु प्रजनन कार्यालय
पोखरा, कास्की

## धानको सुख्खा पराल उपलब्ध गराउने सम्बन्धी शिलबन्दी दरभाउपत्रको सूचना ।

**दोस्रो पटक प्रकाशित मिति (२०७९/०७/२३ गते)**

यस कार्यालयको आ.ब. २०७९/८० मा पशु आहाराको लागी १०० मेट्रिक टन (१,००,००० के.जी.) सुख्खा पराल (नमाडेको मुठा वा च्याप गरेको वा ट्रक्रा पारेको) आवश्यक पर्ने भएकोले कास्की जिल्लाको चालू आ.ब. को लागि स्वीकृत दररेटमा नबढ्ने गरी दुबै पक्षहरु बीच गरिने शर्तहरु बमोजिम आपूर्ति गर्न आधिकारीक रुपमा ईजाजत प्राप्त ईच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०७९/०८/०७ गते) भित्र कार्यालय समय अवधिमा कम्पनी वा फर्म नविकरण भएको इजाजत प्रमाणपत्र, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र मूल्य अभिबृदि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी यस राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता नं. १०००२०००१००००, कार्यालयको कोड ३१२०२३९०२ र राजश्व कोड नं. १४२२९ बाट रु. १०००। राजश्व तिरेको (फिर्ता नहुने) सक्कल भौचर कार्यालयमा पेश गरी शर्त सहितको दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।
२. खरिद गरिएको दरभाउपत्र फारम मिति २०७९/०८/०८ गते दिनको दिउसो १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोहि दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा पनि दरभाउपत्र खोल्ने कार्य रोकिने छैन। दरभाउपत्र खरिद तथा दाखिला दिन सार्वजनिक विदा परेमा सो काम क्रमशः सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा गरिनेछ।
३. दरभाउपत्र साथ तपसिलमा उल्लेख भए बमोजिमको धरौटी रकम को. ले. नि. का. कास्कीको धरौटी खाता नं. ३०२०१००१०२०३०००० मा नगद जम्मा गरेको भौंचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनबाट कम्तिमा ७५ दिन अबधि रहेको बिडबण्ड संलग्न हुनु पर्नेछ।
४. उपलब्ध गराउने पराल तोकिएको मापदण्ड अनुसारको हुनु पर्ने छ साथै कृषि जन्य बस्तुको मूल्यमा मूल्य अभिबृदि कर समाबेश गरिने छैन् । अन्य कुनै आवश्यक कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ।
५. सिलबन्दी दरभाउपत्र फाराम भर्दा दररेट अंक र अक्षरमा स्पष्ट रुपमा लेख्नुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ। दरभाउपत्रदाताको नाम, फर्मको नाम, दस्तखत, मिति तथा छाप स्पष्ट हुनु पर्ने छ। रीत नपुगी आएका, म्याद नाघी आएको र कुनै शर्त राखिएको दरभाउपत्र स्वीकार गरिने छैन् ।
६. दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ। नेपाल सरकारको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिकरुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ।
७. यस बाहेक अन्य कुराको हकमा प्रचलित ऐन नियम अनुसार हुने छ।

| ठेक्का नं. | बिवरण | इकाई | परिमाण केजी | धरौटी रकम रू | लागत अनुमान रकम रू | कैफियत |
|---|---|---|---|---|---|---|
| NLBO/G/NCB/SQ/079/80/10-RE | धानको सुख्खा पराल आपूर्ति (ढुवानी समेत) | के. जी. | १,००,००० | ४३,००० | १७,२०,००० | दरभाउपत्र |

## Pokhara Metropolitan City
## Office of Municipal Executive
Newroad, Pokhara

## Invitation for Bids

**IFB No: 16/PMC/079-080**
**(First Date of publication: 2079/07/23)**

1. Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad, Pokhara invites online bids for SQ Contracts under e-procurement system from eligible bidders for the construction of Projects mentioned below;

| SN No. | IFB No. | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimate Amount Without VAT and with PS (NRs.) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | 16.1/PMC/079-080 | Upgrading of Dhodbesi chowk to Bangesal Road, PMC 32 (Contract ID: - 51/PMC/SQ/W/079-80) | 1,000 | 50,000.00 | 17,27,089.97 | 75 days |
| 2 | 16.2/PMC/079-080 | Upgrading of Majuwa Bhitri Sadak, PMC - 32 (Contract ID: - 52/PMC/SQ/W/079-80) | 1,000 | 50,000.00 | 17,27,168.86 | 75 days |
| 3 | 16.3/PMC/079-080 | Upgrading of Malmul Sanoghari Dhobighat Road, PMC - 32(Contract ID: - 53/PMC/SQ/W/079-80) | 1,000 | 50,000.00 | 17,28,085.84 | 75 days |

2. Submission and Opening:

| Contract No. | Pre-Bid Meeting | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time |
| For SQ ontract | NA | | 11/24/2022 | 12:00 | 11/24/2022 | 13:00 |

| Bank Name | Name of Office | Revenue Account No. | Deposit Account No. |
|---|---|---|---|
| Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski | Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad | 3020100301010002 | 3020100303000002 |

3. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (12th Amendment, 2079).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website http://bolpatra.gov.np/egp, as specified in the Bidding data sheet for provision of E-Bidding.
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
6. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**